नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
(कर्मचारी प्रशासन शाखा)

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरवार, काठमाण्डौं
नेपाल

पत्र संख्या : क.प्र.(कृषि)०७६/७७
च.नं. : १०५५

मिति: २०७७।०२।२०

विषयः परिपत्र ।

श्री कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर।
श्री वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र, हरिहरभवन, ललितपुर।
श्री प्लान्ट क्वारेण्टिन एवं विषादी व्यवस्थापन केन्द्र, हरिहरभवन, ललितपुर।
श्री कृषि विभाग, हरिहरभवन, ललितपुर।
श्री पशु सेवा विभाग, हरिहरभवन, ललितपुर।
श्री खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, बबरमहल, काठमाडौं।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको च.नं. मं.बै./३२१/६३२९ मिति २०७७।२।१७ को नेपाल सरकार , मन्त्रिपरिषद्को निर्णय सम्बन्धी पत्रको छाँयाप्रति यसैसाथ संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई कार्यान्वयनको आवश्यक व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

२०७७।०२।२०

(विकास डंगोल)
शाखा अधिकृत

(सचिव - ६३ /०७६/२/२०

नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- मं.बै./३२१/६३२९

मितिः २०७७/२/१७

श्री सचिव,
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

कोभिड-१९ सम्बन्धी विषय मं.प.बै.सं. १४/०७७ मिति २०७७/२/१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकोले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु–

नेपाल सरकारको निर्णय–

"१. विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमण फैलिने सम्भावना देखिएकोले नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७७/२/४ गतेको निर्णयअनुसार सो रोग रोकथाम र निर्मूल गर्न संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम मिति २०७७ जेठ २० गते मङ्गलबार मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी जारी गरिएको आदेश हाललाई मिति २०७७ जेठ ३२ गते आइतबार (तदनुसार २०२० जुन १४) मध्यरातसम्मका लागि नेपालभर लागू हुने गरी निरन्तरता दिने र सो आदेशअनुसारको बन्दाबन्दीको मोडालिटीका बारेमा छिट्टै थप हेरफेरसहित सुधार ल्याउने। सोको सूचना नेपाल राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने।

२. विश्वव्यापी महामारीको रूपमा फैलिएको कोभिड-१९ रोगको संक्रमणबाट सुरक्षित रहनका लागि छिमेकी मित्रराष्ट्रहरू लगायत अन्य मित्रराष्ट्रहरूले चालेका प्रयास र अनुभवसमेतलाई ध्यानमा राखी यस क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरूलाई सो रोगको संक्रमणबाट सुरक्षित राख्न नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन २०७७ जेठ १८ गते आइतबार मध्यरातसम्मका लागि स्थगित गरिएकोमा हाललाई मिति २०७७ असार १६ गते मङ्गलबार (तदनुसार २०२० जुन ३०) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने गरी निरन्तरता दिने। तर, मालसामानको ढुवानीलाई यथावत कायम राख्ने। सबै किसिमका आन्तरिक र बाह्य व्यावसायिक यात्रुवाहक हवाई उडानहरू उक्त अवधिसम्म स्थगन गर्ने। सीमा स्थगनको आदेशको कार्यान्वयनमा देखिएको खुकुलोपनालाई क्रमशः कडाई गर्दै जाने । यो आदेशको पालना नगरी सीमा नाकाबाट प्रवेश गर्ने गराउने र प्रवेश गरेका मानिसहरूलाई लुकाउने कार्य गरे गराएमा प्रचलित कानूनबमोजिम कारबाही गर्ने।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :-



३. विश्वव्यापी महामारीको रूप लिएको कोभिड-१९ को संक्रमणको रोकथाम, नियन्त्रणका लागि सरकारले संक्रामक रोग ऐन, २०२० को दफा २ बमोजिम जारी गरेको आदेश जनताको जीवन रक्षाका लागि हो। हालसम्म यो आदेशको पालना गरी साथ दिनुभएकोमा नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक धन्यवाद ज्ञापन गर्दछ। साथै, मिति २०७७ जेठ ३२ गते आइतबार (तदनुसार २०२० जुन १४) मध्यरातसम्मका लागि जारी भएको उक्त आदेश र मिति २०७७ असार १६ गते मङ्गलबार (तदनुसार २०२० जुन ३०) मध्यरातसम्मका लागि नेपालको अन्तर्राष्ट्रिय सीमानामा रहेका नेपाल प्रवेश गर्ने सबै प्रवेश विन्दु र खुल्ला सीमानाको जुनसुकै स्थानबाट हुनसक्ने यात्रुहरूको आवागमन स्थगित गर्ने कार्यको पूर्ण पालना गरी गराई सहयोग पुऱ्याउनु हुन नेपाल सरकार सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक आग्रह गर्दछ।"

(लोकदर्शन रेग्मी)
मुख्यसचिव

**<u>बोधार्थ तथा कार्यार्थः</u>**

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय ।
श्री सचिव, गृह मन्त्रालय ।
श्री सचिव, रक्षा मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np